प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १, बिराटनगर

पत्र संख्या :-०७८/०७९
च.नं. :- ६२४

मिति :-२०७८/१२/०३

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
स्थानीय तहहरु (सबै १३७)
प्रदेश नं. १

**विषय: आ.ब.२०७९-०८० का लागि समपुरक अनुदान बाट संचालन गरिने आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ (पहिलो संशोधन समेत) बमोजिम प्रदेश सरकारले स्थानीय तहहरुलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्नसक्ने प्रावधान रहेको छ। आर्थिक वर्ष २०७९/०८० का लागि उक्त कार्यविधि बमोजिम प्रदेश सरकार र स्थानीय तहको समेत लागत सहभागिता हुने गरी तपसीलमा उल्लेखित विवरणको अधिनमा रहि चैत्र मसान्त भित्र अनिवार्य रुपमा विधुतीय प्रणाली- http://p1.csgrants.gov.np/ मा गई आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुन अनुरोध छ। साथै चैत्र मसान्तभित्र आयोजना कार्यक्रमको प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई समपुरक अनुदान प्रदान नगरिने व्यहोरा मन्त्रालयको मिति २०७८/१२/०२ को निर्णयानुसार अनुरोध छ।
थप जानकारीका लागि यस मन्त्रालयको फोन नं. ०२१-५७११४० वा इमेल p1.msg7879@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ।

विवरणहरु

१. चालु आ.व.मा प्रदेश समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमलाई समेत सम्वन्धित स्थानीय तहले निरन्तरता दिन सक्नेछन। तर त्यसरी निरन्तरता दिन चाहेका योजना तथा कार्यक्रमको नाम प्रविष्ट गर्दा चालु आ.व. मा स्वीकृत आयोजनाको नामसँग हुबहु हुने गरी प्रविष्ठ गर्नुपर्नेछ।
२. स्थानीय तहका लागि लग-ईन गर्ने विवरणहरु (User ID / Password) राष्ट्रिय योजना आयोगबाट प्रदान गरिएको विवरण नै प्रयोग गर्नुपर्नेछ। यस सम्वन्धि वेभसाइट http://p1.csgrants.gov.np/ मा गई समपूरक अनुदानका लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु भरी प्रस्ताव पेश गर्नुपर्नेछ।
३. स्थानीय तहले समपूरक अनुदान सम्वन्धि प्रस्ताव पेश गर्दा स्थानीय स्तरका सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय तथा अन्य विद्यालय भवन निर्माण तथा आफ्नै विद्यालय भवन नभएका, भाडामा लिई सञ्चालन भैरहेका तथा स्थानीय तहका व्यक्ति वा संस्थाबाट त्यस्ता शैक्षिक संस्थाका नाममा निशुल्क

जग्गा प्राप्त हुन सक्ने प्रकृतिका शैक्षिक पूर्वाधार सम्वन्धि आयोजना तथा कार्यक्रमलाई प्राथमिकता प्रदान गर्न सक्नेछन्।

४. स्थानीय तहहरुले समपूरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्वन्धि कार्यविधि, २०७५ को अधिनमा रहि माग गर्नुपर्नेछ।

५. प्रस्तावित आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि प्रस्तावित आयोजनाको कुल लागत वढीमा २ करोडसम्म प्रस्ताव गर्न सकिनेछ।

६. प्रत्येक स्थानीय तहले वढीमा २ वटा आयोजना तथा कार्यक्रमहरु समपूरक अनुदान प्राप्त गर्नका लागि प्रस्ताव गर्न सक्नेछन्।

डम्वरप्रसाद घिमिरे
शाखा अधिकृत
शाखा अधिकृत
अधिकृतस्तर (सातौं)

**वोधार्थः**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. १, बिराटनगर